सूचना ! सूचना !! सूचना !!!

# कञ्चनरुप नगरपालिकाको अत्यन्त जरुरी सूचना

तेश्रो पटक प्रकाशित

मिति २०७५/०४/३१

प्रस्तुत विषयमा यस कञ्चनरुप नगरपालिका नगर कार्यपालिकाको स्थानीय राजश्व परामर्श समितिको निर्णय भए अनुसार नगरपालिकाको आन्तरिक श्रोत वृद्धिको लागि निम्नानुसारका पोखरी र हटियाहरु खुला डाक वढावढ प्रकृयाबाट न्यून्तम डाक अंक तोकी ठेक्का लगाउने निर्णय भएकोले सम्बन्धित इच्छुक व्यक्तिहरुले डाक वढावढ प्रकृयामा उल्लेख्य सहभागिता जनाउन सर्वसाधारण सबैको जानकारीका लागि यो ३ दिने सूचना प्रकाशन गरिएको छ ।

निम्न

| क्र.सं. | स्थान | न्यूनतम डाक अंक | ठेक्का अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | कञ्चनरुप २ वरमझिया स्थितको पोखरी | रु. ४,५१,०००/- ( चार लाख एकाउन्न हजार) | ४ वर्ष हुने | २०७५/०७६श्रावण देखि ०७८/०७९ असार १५ सम्म |
| २. | कञ्चनरुप १० वदगामा स्थित बाल उद्यान नजिकको पोखरी | रु.१००,०००/- (एक लाख) | ४ वर्ष हुने | २०७५/०७६श्रावण देखि ०७८/०७९ असार १५ सम्म |
| ३. | कञ्चनरुप ११ ठेलिया लक्षणपट्टीको ठूलो पोखरी र सानो पोखरी | रु.१२५०००/-(एक लाख पच्चिस हजार) | ४ वर्ष हुने | २०७५/०७६श्रावण देखि ०७८/०७९ असार १५ सम्म |
| ४. | गिद्धाको पोखरी | रु.१५०,०००/-एक लाख पचास हजार) | ४ वर्ष हुने | २०७५/०७६श्रावण देखि ०७८/०७९ असार १५ सम्म |
| ५. | कञ्चनरुप ११ सिमरा हटिया | रु २७५००(सत्ताइस हजार पाँच सय) | ११ महिना | २०७६ असार मसान्त सम्म |
| ६. | कञ्चनरुप ९ कष्ठमहाल हटिया | रु २७५००(सत्ताइस हजार पाँच सय) | ११ महिना | २०७६ असार मसान्त सम्म |

**नियम तथा शर्तहरु :**

१. नाम दर्ता गराउने मिति २०७५/०५/०३ गते सम्ममा नाम दर्ता गराउनु पर्ने छ ।(तिन दिन को सूचना भनिएकोमा मिति २०७५/०५/०२ गते सार्वजनिक विदा परेकोले) । डाक हुन अगाडि दोब्बर दस्तुर तिरी नाम दर्ता गर्न सकिने ।

२. दर्ता वापत रु.५००/- नगदै बुझाउनुपर्दछ ।

३. डाक बढाबढ हुने मिति २०७५/०५/४ गते दिनको २:०० बजे देखि ४:०० बजे सम्म सम्बन्धित वडा कार्यालयहरुमा हुनेछ ।

४. बोलकबोलमा सहभागिता जनाउनेले नेपाली नागरिकताको प्रतिलिपि सहित नाम दर्ता गराउनु पर्नेछ ।

५. डाक बढाबढमा आफूले कबोल गरेको स्वीकृत अंकको ५% रकम तत्काल जम्मा गर्नु पर्नेछ ।

६. बोल अंक स्वीकृत भएपछि सम्बन्धित ठेकेदारले कृषि विकास बैंक कंचनपुर स्थित यस कार्यालयको संचित कोष खाता नं.११०३६००६४८४३२१७१ मा एक मुष्ट जम्मा गरी १०% सम्म छुट लिन सक्ने छ ।

७. बोल अंक स्वीकृत भएको मितिले ७ दिन भित्रमा ४ वर्षको ३ किस्ता रकम मध्ये न्यून्तम एक किस्ता वापतको रकम बुझाई चलन पूर्जी लिनु पर्नेछ ।

८. चलन पूर्जी अगावै दोश्रो र तेस्रो किस्ता वापतको बाकी रकमको तिन खण्डको एक खण्ड बराबर धरौटी स्वरुप बैंक ग्यारेन्टी वा जग्गा धितो जमानत राख्नु पर्नेछ ।

९. ठेकेदारले सम्झौता को शर्त र नियम प्रचलित ठेक्का सम्झौता ऐन नियम तथा न.पा.को प्रत्यक्ष निति निर्देशनमा रही सञ्चालन गर्नुपर्नेछ, सम्झौता विपरित कार्य गरेमा जुनसुकै समयमा न.पा.ले एक तर्फी सम्झौता भङ्ग गरी वैकल्पिक व्यवस्था गर्न सक्नेछ । सो निर्णय उपर कहीं कतै उजुर वाजुर लाग्ने छैन ।

१०. लिखित नाम दर्ता भएको व्यक्तिले मात्र बोल्न पाउनेछ ।

११. ठेक्का सम्बन्धि अन्य शर्तको जानकारीका लागि कञ्चनरुप न.पा.को कार्यालयमा सम्पर्क गर्नुपर्नेछ ।

१२. ठेक्केदारले ठेक्का सम्झौताको शर्त र नियम प्रचलित ठेक्का सम्झौता ऐन, नियम तथा न.पा.को प्रत्यक्ष नीति निर्देशनमा रही ठेक्का संचालन गर्नु पर्नेछ । अन्यथा जुनसुकै समयमा न.पा.ले एकतर्फी रुपमा सम्झौता भङ्ग गर्न सक्नेछ । यो सम्बन्धमा कही कतै उजुरवाजुर लाग्ने छैन ।

१३. ठेक्का स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ ।

१४. साविक गा.वि.स. पेश्की बाँकी, ठेक्का वा अन्य बाँकी बक्यौता हुनेले वक्यौता रकम यस न.पा.मा नबुझाई कुनै पनि ठेक्कामा भाग लिन पाउने छैन ।

१५. ठेक्का बन्दोवस्त भई रहेको अवस्थामा रहेका पोखरीको अवस्थामा कुनै किसिमको संरचना हेरफेर गर्न पाईने छैन् साथै पोखरीहरु सामान्य मरम्मत संभार गर्नु परे ठेक्केदार स्वयंमले गर्नुपर्ने र समान्य मर्मत संभारको रकम न.पा.मा गर्न पाईने छैन ।

१७. ठेक्का बन्दोवस्त भई सकेपछि कुनै किसिमको दैवी प्रकोप, खडेरी आदि भएमा त्यसको जिम्मेवार स्वयम ठेक्केदार नै हुनुपर्ने र सो को कबोल गरेको रकममा मिन्हा हुने छैन ।

१८. एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

कञ्चनरुप नगरपालिका
२०७३

प्रमुख प्रशासकीय अधिकृत